# सम्पादकीय

यस भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नियमित रुपमा सार्वजनिक प्रशासन सम्बन्धी अर्ध-वार्षिक जर्नलको रूपमा प्रकाशन हुँदै आइरहेको छ। हाल यो १४३औं अङ्क यहाँहरू समक्ष पुऱ्याउन सफल भएका छौं।

प्रशासन जर्नल प्रकाशन सम्बन्धी कार्यविधि, २०८० अनुसार सार्वजनिक प्रशासन तथा व्यवस्थापन, सार्वजनिक नीति, आर्थिक तथा सामाजिक विकास, शासन प्रणाली, शासकीय सुधार, सुशासन, सार्वजनिक सेवा प्रवाह, सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार र सकारात्मक सोंच आदि समसामयिक प्रशासनिक विषयमा विचारमूलक र अनुसन्धानमूलक लेख/रचनाहरु प्रकाशन हुँदै आइरहेको छ।

यस जर्नललाई डिजिटल प्रविधिको प्रयोग मार्फत विश्वव्यापी रूपमा पाठकहरुलाई सहजताका लागि Nepal Journals Online (NepJOL) मा समेत प्रकाशित गरिएको छ। यसले लेखक र पाठकहरुलाई जर्नल प्रति थप रूचि बढ्ने विश्वास गरेका छौं। यस जर्नलले सार्वजनिक प्रशासनको अध्ययन, अनुसन्धान तथा प्रशासन सुधारका लागि रूचि राख्ने महानुभावहरुलाई समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यस जर्नललाई आगामी दिनमा समयसापेक्ष अझ परिस्कृत र स्तरीय बनाउन तपाईं प्रबुद्ध शुभचिन्तकहरुबाट थप सुझाव, सल्लाह, हौसलाका सकारात्मक प्रतिकृयाको अपेक्षा गर्दछौं।

अन्त्यमा, यस जर्नलमा लेख/रचनाहरु उपलव्ध गराई सहयोग गर्नु हुने लेखक/रचनाकारज्यूहरू, लेख/रचनाहरू समीक्षा गरी सहयोग गरिदिनु हुने विषयविज्ञ समीक्षकज्यूहरू, भाषा सम्पादन गरिदिनु हुने त्रिभुवन विश्वविद्यालयका आदरणीय उपप्राध्यापक श्री शक्तिराज नेपालज्यू लगायत जर्नल सम्पादन/प्रकाशन/व्यवस्थापनमा सहयोग गर्नुहुने महानुभाव/कर्मचारीहरू सबै प्रति सम्पादन मण्डल हार्दिक आभार व्यक्त गर्दछौं।